

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ७ गते सोमबार ❑ 19 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मेलम्ची आयोजनामा भ्रष्टाचार : पूर्वसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर

**रासस**

काठमाडौं, ६ फागुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार गरेको अभियोगमा पूर्वसचिवहरूसहित १५ जनाविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

मेलम्ची खानेपानी आयोजनाको निर्माण कम्पनी सिएमसीलाई काम नै नगरी भुक्तानी गरेको पाइएकाले परामर्शदाता तथा निर्माण कम्पनीमाथि सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको पाइएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

आयोगले पूर्वसचिव सञ्जय शर्माविरुद्ध रु छ करोड ९७ लाख ८३ हजार एक सय ७८, सहसचिव मुकुन्दप्रसाद पौडेलविरुद्ध पनि समान बिगो दाबी गरेको छ । खानेपानी मन्त्रालयका तत्कालीन सचिव भीमप्रसाद उपाध्याय विरुद्ध रु चार करोड ११ लाख ३४ हजार दुई सय ७९ बराबरको बिगो दाबी गरिएको छ । खानेपानी मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध रु ६० करोड ४९ लाख १९ हजार आठ सय ८४ बराबरको बिगो दाबी गरिएको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङविरुद्ध रु ११ करोड नौ लाख १७ हजार चार सय ५८ बराबरको बिगो दाबी गरिएको छ ।

आयोगले मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य चन्द्रबहादुर थापाविरुद्ध रु ७१ करोड ५८ लाख ३७ हजार छ सय ४३, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक घनश्याम भट्टराईविरुद्ध रु २२ करोड ७५ लाख १९ हजार आठ सय ९६ बराबरको बिगो दाबीका मुद्दा दायर गरेको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटा विरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ । मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक सूर्यराज कँडेलविरुद्ध रु ८९ करोड आठ लाख ९८ हजार दुई सय ८५, समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपानेविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३, लेखा अधिकृत रामचन्द्र न्यौपानेविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ बराबरको बिगो दाबी गरिएको छ । तत्कालीन उपसचिव बेगनाथ पौडेलविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३, तत्कालीन उपसचिव केदारप्रसाद अर्यालविरुद्ध रु ४४ करोड ७३ लाख ७३ हजार ७२,समितिका उपकार्यकारी निर्देशक भोजविक्रम थापाविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ बराबरको बिगो दावी गरेको छ। परामर्शदाता कम्पनीका 'डिपुटी टिम लिडर' शिवकुमार शर्माविरुद्ध रु ४८ करोड ३६ लाख सात हजारु पाँच सय ८०, परामर्शदाता कम्पनी इप्टिसालाई रु ८७ करोड ५८ लाख ८३ हजार तीन सय ६० र निर्माण कम्पनी सिएमसीलाई रु ६५ करोड १४ लाख ५७ हजार चार सय १० बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

## ओझेलमा लाहुरेनीको कथा

**पोखरापत्र संवाददाता**

पोखरा, ६ फागुन



पोखरा लाहुरेको सहरको रुपमा परिचत छ । गोरखा शब्दसँग पोखराको निकै पूरानो साइनो गाँसेको पोखरा अहिले पनि उस्तै प्रयत्नशील छ ।

रिटायर्ड लाहुरे मात्रै होइन भर्ती भएर लाहुरे बन्नेहरुको लर्को पोखरामा देखिन्छ। लाहुरेको सहर पोखरामा यतिबेला ११ औं संस्करणको सूर्य नेपाल गाथा नेपाल लिटरेचर फेस्टिबलको सरगर्मी छ । आइतबार फेस्टिबलमा लाहुरेनीको कथा व्यथा सुनाइयो । पहिलो होस् या दोस्रो विश्वयुद्धमा गोरखा लाहुरेले आँट देखाए, वीरताको इतिहास लेखाए । इतिहासका पानामा गोरखा लाहुरेका कथा धेरै लेखिएको छ । कतै बहादुरीको कथा त कतै इमानदारीताको । तर, लाहुरेनीको कथा नेपथ्यमै हराइरह्यो । गोली, बारुद र खुकुरीको धारमा होमिने लाहुरेका आत्मविश्वास बनेका लाहुरेनीहरु जहिल्यै छायामै परेको लाहुरेनीका कथा सेसनमा सहभागी वक्ताले एकै स्वरमा भने । मिना गुरुङलाई त लाहुरेनीप्रतिको हेर्ने दृष्टिकोणले आत्म दुखाएको छ । विलिन लाहुरेनीको कथा कसैले कोट्याउन नखोजेको उनले बताइन् । 'यो कथाव्यथा, लाहुरेनीको योगदानलाई उसले निभाएको अहम भूमिकालाई कसैले पनि चासो दिएनन् । समाजका यतिधेरै प्रभुत्व व्यक्ति, इतिहासविद्हरु, राजनीतिकर्मीहरुले, साहित्यकारहरुले ध्यान दिएनन्', गण्डकी प्रदेश सभाको पूर्व सदस्यसमेत रहेकी गुरुङले गुनासो गरिन् । पुस्तकमा पनि लाहुरेनीको कथा कतैं नलेखिएको उनको भनाइ छ । गोरखा महिलाले वेदनापूर्ण जीवन बिताएको उनले स्मरण गरिन् । आफ्नो सपना निमोठेर बाँच्नुपरेको मिना स्वयमको भोगाइ छ । लाहुरेनीका सुखदुखबारे चित्र कोर्दै आइरहेकी चित्रकार सुजना थापा श्रीष २०७ वर्षपछि बल्ल गोरखा महिलाबारे थोरै भएपनि चर्चा हुन थालेको बताउछिन् । लामो इतिहासमा लाहुरेनी हराएको उनले बताइन्।'कथाहरुलाहुरेकैआयोबहादुरीको, विजयको । तर, हामीले भावनात्मक, आर्थिक, अलिकति सामाजिक कुरालाई छाड्यौं', अनुसन्धानकर्मीसमेत रहेकी सुजनाले भनिन् । गोरखा इतिहासलाई पाठ्यक्रममै समेट्न नसक्दा लाहुरेनी गुमनाम भएको उनको ठम्याइ छ ।

शब्द र कथाले बुनेको गोरखा इतिहासमाथि गहिरो अनुसन्धानको आवश्यकता सुजनाले औंल्याइन् । 'मुख्य समस्या बौद्धिक फोरममा आएर गोरखा महिलाबारे बुझाउन सकेका छैनौं', उनले भनिन् । गोरखा भूतपूर्व सैनिक संघ (गेसो) का संस्थापक महासचिव डा. चन्द्रबहादुर गुरुङ गोरखा महिलाले लडाँइमा श्रीमानको गुमाएर पनि पेन्सन नपाएको सुनाए । गाउँमा एकाथरी नाम पल्टनमा अर्कोथरी नाम हुँदा आर्थिक रुपमा चेपुवामा परेको उनले बताए। 'प्रेमी फर्केर आउँछ भन्दा भन्दै जीवन बित्यो । पेन्सन पनि पाएनन् समाजले पनि नानाथरी लाञ्छना लगायो', उनले भने। गोरखाका महिलाको पीडा सुनाइसाध्य नरहेको चन्द्रबहादुर बताउँछन् । 'बाध्यताको देशमा हामी छौं', उनले सुनाए ।

## बेनी-दरवाङ-ढोरपाटन सडकलाई राष्ट्रिय राजमार्ग बनाउने प्रधानमन्त्रीको प्रतिबद्धता

**रासस**

म्याग्दी, ६ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले म्याग्दी-बागलुङ-पुर्वी रुकुम जोड्ने सडकलाई राष्ट्रिय राजमार्ग बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा म्याग्दीबाट निर्वाचित सांसद खमबहादुर गर्बुजाले गर्नुभएको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री दाहालले पूर्व-पश्चिम जोड्ने राष्ट्रिय गौरवको मध्य पहाडी लोकमार्गको वैकल्पिक मानिएको बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन सडकलाई राष्ट्रिय राजमार्ग बनाउने प्रक्रिया अघि बढेको जानकारी दिनुभयो। "बेनी-दरवाङ-ढोरपाटन सडकलाई राष्ट्रिय राजमार्ग बनाउने प्रक्रिया अघि बढेको छ," उहाँले भन्नुभयो, "साथै म्याग्दीलगायत हिमाली जिल्लाले राज्यबाट विशेष सहुलियत पाउनुपर्छ भन्नेमा सरकार सकारात्मक रहेको जानकारी गराउँदछु ।"

सांसद गर्बुजाले २०७६ सालमा म्याग्दीलाई नेपालको २१औं हिमाली जिल्लामा सूचीकृत गरे पनि स्थानीय तहले पाउने बजेट, यहाँका नागरिक र कर्मचारी, सेना, प्रहरीले सुविधा पाउन नसकेको, मध्य पहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको बेनी-दरवाङ-ढोरपाटन सडक ओझेलमा परेको र सेवानिवृत्त ब्रिटिस गोर्खा सैनिकको समस्यामा विषयमा प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराउनुभएको थियो । भौगोलिक रूपमा म्याग्दीको मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका बासिन्दा लाभान्वित हुने र दीर्घकालीन रूपमा राष्ट्रिय महत्व राख्ने बेनी-दरवाङ-ढोरपाटन सडकको म्याग्दीतर्फ थप १९ किलोमिटर मार्ग खोल्न बाँकी छ। काठमाडौं र पोखरादेखि बेनी हुँदै ढोरपाटन र पूर्वी रुकुम जोड्ने यो छोटो दूरीको सडक भएको सांसद गर्बुजाले बताउनुभयो ।

## समाजवादी मोर्चाको संयोजकमा चन्द

**रासस**

काठमाडौं, ६ फागुन

समाजवादी मोर्चाको संयोजकमा नेपाल कम्युनिष्ट पार्टी महासचिव नेत्रविक्रम चन्द 'विप्लव' चयन हुनुभएको छ ।

मोर्चाका संयोजक माधवकुमार नेपालको अध्यक्षतामा आइतबार बसेको बैठकले चन्दलाई संयोजक तोकेको मोर्चाका सदस्यसचिव एवं नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमालले जानकारी दिनुभयो । मोर्चाले देशभर गरेका सङ्गठन विस्तार तथा राजनीतिक गतिविधिको समीक्षाका साथै भावी कार्ययोजनाबारे समेत बैठकमा छलफल गरेको थियो। समाजवादी मोर्चामा नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी) र नेपाल कम्युनिष्ट पार्टी रहेका छन्। प्रत्येक चार-चार महिनामा आलोपालो नेतृत्व गर्ने समझदारीका साथ मोर्चा गठन गरिएको थियो ।

## 'विकाससँगै प्रकृति र संस्कृतिका समाचार राससले प्राथमिकता दिनुपर्छ'

**पोखरापत्र संवाददाता**

पोखरा, ६ फागुन




पूर्वाधार मात्र विकास नभएकाले भाषा, साहित्य, संस्कार, संस्कृतिलगायतका विषयलाई पनि विकासको पक्ष मानेर सञ्चार माध्यमले समाचार सम्प्रेषण गर्नुपर्नेमा पोखरामा आज आयोजित कार्यक्रमका वक्ताहरूले जोड दिएका छन् ।

राष्ट्रिय समाचार समिति (रासस) को ६३औं वार्षिकोत्सवको सन्दर्भमा रासस गण्डकी प्रदेश कार्यालयले आयोजना गरेको 'विकासमुलक पत्रकारितामा राससको भूमिका' विषयक अन्तरक्रियामा वक्ताहरूले समग्रमा नागरिकको जीवनस्तर सहजरसमृद्धबनाउनेकुराविकासको पाटो भएकाले राससले यसतर्फ पनि ध्यान दिनुपर्ने आवश्यकता औंल्याइयो । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पूर्वाधारलाई मात्र विकास देख्ने परिपाटीको अन्त्य गरी फराकिलो दृष्टिले हेर्नुपर्ने बताउनुभयो । "हाम्रो भाषा, साहित्य, संस्कार र संस्कृति जस्ता विषय पनि विकासको पक्ष हुनुपर्दछ। सँगसँगै मानवीय शक्तिको विकास पनि महत्वपूर्ण पाटो रहेको छ", उहाँले भन्नुभयो । महानगर प्रमुख आचार्यले पूर्वाधार विकाससहित पर्यटन, साहित्य, कला र सम्पदा क्षेत्रको विकास पनि विकासका पक्ष रहेकाले त्यसतर्फ कलम चलाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "विकासभित्र हाम्रा सम्पदाका विषय पनि छन् ।"

महानगर प्रमुख आचार्यले रासस सरकारी समाचार संस्था भएकाले राससका समाचार सबैले बिनापैसा लिन पाउनुपर्नेमा जोड दिनुभयो । "राससको 'गेट वे' सबैका लागि खुला हुनुपर्दछ । यसले आफ्नो समाचार सबैलाई दिनुपर्दछ ।" उहाँले भन्नुभयो । राससका पूर्व कार्यकारी अध्यक्ष कोमलनाथ बरालले सरकारले दिने अनुदानले रासस सञ्चालन गर्ने खर्च नपुग्ने भएकाले समाचार बिक्री गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले विकासका खोजी समाचारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो। "राससले समस्या उजागार गर्दै सरकारले गरेका राम्रा कामको प्रचार गर्नुपर्दछ", पूर्वअध्यक्ष बरालले भन्नुभयो, "विकाससँगै प्रकृति र संस्कृति पनि राससको प्राथमिकतामा हुनुपर्दछ ।" प्रेस स्वतन्त्रता सेनानी माधव शर्माले राससले धेरै काम गरेको बताउनुभयो । राष्ट्रियताको संरक्षणसहित स्थानीय उत्पादनको प्रवर्द्धनमा समेत राससको भूमिका रहेको उहाँले अनुभुति राख्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले राससले पर्यटन क्षेत्रलाई प्राथमिकता दिएर समाचार सम्प्रेषण गरेकामा खुशी व्यक्त गर्नुभयो । पोखराका सकारात्मक विषयलाई प्राथमिकता दिन उहाँले सुझाव दिनुभयो। नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले राससले श्रव्यदृश्य सहितका समाचार सामग्री पस्कनुपर्ने र न्यू मिडियाले समेत खरीद गर्न योग्य हुनुपर्नेमा जोड दिनुभयो ।

ट्रेकिङ एजेण्ट एशोसिएसन (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थीले पोखराको पर्यटन क्षेत्रलाई राससले प्राथमिकता दिएको र पर्यटनसँग सम्बन्धित समाचार दिनु राम्रो पक्ष भएको बताउनुभयो । नेपाल टुर्स एण्ड ट्राभल्स एशोसिएसन (नाटा) गण्डकीका अध्यक्ष हरेराम अधिकारीले सकारात्मक विषयको प्रचार गर्न सकेको खण्डमा विकास सम्भव हुने बताउनुभयो। कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, रासस गण्डकीका प्रमुख वासुदेव पौडेल, रासस समाचारदाता रामबहादुर थापा, राससकर्मी जमुना शर्मा, पत्रकार वासुदेव मिश्रलगायतले राससबारे चर्चा गर्नुभएको थियो ।

# पोखरा-१४ मा स्थानीय महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन



पोखरा महानगरपालिका-१४ छिनेडाँडामा प्रथम स्थानीय महोत्सव सुरु भएको छ । 'कृषि, पर्यटन, स्थानीय व्यवसायको प्रवर्द्धन' भन्ने मुल नारासहित पोखरा-१४ को आयोजनामा प्रथम स्थानीय महोत्सव सुरु भएको हो ।

पोखरा महानगरपालिका-१४ वडा कार्यालयले आयोजना गरेको प्रथम स्थानीय महोत्सवको उद्घाटन पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गरे । सो अवसरमा बोल्दै मेयर आचार्यले मेला महोत्सवले व्यवसायीकरण र बजारीकरणका लागि योगदान पुर्याउने धारणा राखे । 'मेला महोत्सवमा उत्पादित बस्तुहरुको व्यवसायीकरण र बजारीकरण गर्ने थलो छ, विभिन्न उत्पादक वस्तुहरुको प्रचारप्रसारमा महोत्सवले महत्वपूर्ण भूमिका प्रदान गर्दछ, मेयर आचार्यले भने, 'पोखरा-१४ ले आयोजना गरेको स्थानीय महोत्सवले वडा भित्र उत्पादन हुने कृषि तथा उत्पादनशील वस्तुहरुको बजारीकरणका लागि सहयोग पुग्नेछ।' पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै वडामा आउने सडक रातको समयमा अन्धकार बन्ने गरेको गुनासो आएकाले त्यसलाई चाँडै नै बत्ती जोड्न समन्वय भइरहेको बताए । पोखरा महानगरपालिका-१४ का वडाध्यक्ष बोधबहादुर कार्कीले स्थानीय व्यवसायीहरुको व्यवसाय प्रवर्द्धन, स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यसहित पहिलो चोटि महोत्सव आयोजना गरेको बताए। 'महोत्सवमा स्थानीय उत्पादनलाई मात्र प्राथमिकता दिएका छौं, पोखरा-१४ मा उत्पादन हुने कृषि जन्य उपजको व्यवसायीकरण एवं बजारीकरण, स्थानीय व्यवसायीको उत्पादन तथा व्यवसाय प्रवर्द्धन गर्ने वडाको मूख्य उद्धेश्य रहेको छ । यसले कृषकहरुमा थप उर्जा मिल्ने विश्वास लिएका छौं' वडाध्यक्ष कार्कीले भने । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष गोकर्ण कार्कीले वडादेखि विभिन्न क्लब संघसंस्थाले आयोजना गर्ने मेला महोत्सवले व्यापार व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने बताए। यसैगरी पोखरा महानगरपालिका-१४ ले आयोजना गरेको प्रथम स्थानीय महोत्सवमा पूर्व वडाध्यक्ष र कर्मचारीहरुलाई सम्मान गरिएको छ। महोत्सवको अवसरमा तत्कालिन पोखरा नगरहुँदाका १४ र १८ वडाका पूर्ववडाध्यक्षलाई सम्मान गरिएको हो । वडा कार्यालयले महोत्सवको अवसरमा पूर्व वडाध्यक्ष स्वर्गीय तोरणबहादुर केसी, कोमल बहादुर गुरुङ, स्वर्गीय दुर्गाबहादुर कार्की, स्वर्गीय प्रेमबहादुर परियार, जगत बहादुर कार्की, क्षेत्रबहादुर केसी, प्रेमबहादुर कार्की र वडाका कर्मचारीहरुलाई सम्मान गरेको हो ।

उक्त महोत्सवमा दुईदिनसम्म सञ्चालन हुने महोत्सवमा वडाले १ सय वटा स्टल निर्माण गरेको छ । स्थानीय महोत्सवमा पोखरा-१४ भित्रका विभिन्न व्यवसाय प्रवर्द्धनका व्यवसायीहरुलाई १ सय वटा स्टल निशुल्क रुपमा प्रदान गरेको वडाध्यक्ष कार्कीले बताए ।

महोत्सवमा वडामा उत्पादन भएका कृषि जन्य खाद्यान्न, वडाभित्र उत्पादन भएका उत्पादित वस्तुहरु, अटो इन्जिनिरिङका सामानहरु महोत्सवमा राखिएको छ । सोमबारसम्म सञ्चालन हुने महोत्सवमा पोखरा-१४ भित्रका टोलस्तरीय रस्साकस्सी प्रतियोगिता, आमासमूहबीच रस्साकस्सी प्रतियोगिता, छेलो प्रतियोगिता र सेलरोटी पकाउने प्रतियोगिता आयोजना गरेको प्रचारप्रसार संयोजक रामजी केसीले बताए । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको सांगितिक कार्यक्रमहरुसमेत रहने उनले बताए।

# नेपाल रेडक्रस पुरानै अवस्थामा फर्कने छः अध्यक्ष सुदर्शन नेपाल

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन



नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सुदर्शन नेपालले रेडक्रसलाई पुरानै अवस्थामा फर्काउने बताएका छन् । नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशको छैटौं साधारण सभाको उद्घाटन गर्दै नेपालले त्यसका लागि विधान अधिवेशनको तयारी भइरहेको बताए ।

देश संघीयतामा गइसेको अवस्थामा रेडक्रसको संरचनालाई पनि सोही अनुसार पुनरसंरचना गरिने नेपालले बताए । 'पालिका तहलाई पनि विधान महाधिवेशनबाट समेटेर संरचना बनाउछौं, समावेसी सहितको विधान बनाएर महिला लगायत सबैको प्रतिनिधित्व सुनिश्चित गर्छौं नेपालले भने ।'

रेडक्रसले विधान संशोधनका लागि फागुन २७ र २८ गते विधान अधिवेशन गर्न केन्द्रयी समितिले निर्णय गरिसकेको छ ।

कार्यक्रममा बोल्दै नेपाल रेडक्रसका महामन्त्री भूपती श्रेष्ठले चार/पाँच वर्ष पहिलेदेखी धमिलिएको रेडक्रसको छवी अहिले पुनः विश्वाश आर्जन गरेको बताए। अन्तराष्ट्रिय स्तरमा रेडक्रसको छवी कायम गर्ने तर्फ केन्द्रीत भएर अहिले काम भइरहेको श्रेष्ठलेको भनाई छ। नयाँ समिति निर्वाचित भएर आए पछि संस्था नविकरण भएको श्रेष्ठले बताए । केन्द्रीय उप-कोषाध्यक्ष डोलराज पाण्डेले रेडक्रसका मुल्य र मान्यतालाई बोकेर हिड्न सक्नुपर्ने बताए । कार्यक्रममा केन्द्रीय सदस्य दिनेश अर्यालय, बागलुङ जिल्ला अध्यक्ष जगन्नाथ अर्याल, कास्की जिल्ला उपसभापति उर्मिला खड्का लगायतले बोल्दै रेडक्रसलाई संस्थागत विकासमा जोड दिए ।

लेखा समिति संयोजक डा. देविलाल शर्माले संस्थाको आफ्नै कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन लगायतका विषय औंल्याएका थिए। प्रदेशको बस्तु स्थिति वारे प्रतिवेदन पेश गर्दै अध्यक्ष सूर्यप्रसाद ढकालले प्रदेश सरकारसंग मिलेर नीति निर्माण र प्रकोपमा काम भइरहेको जानकारी दिए। साधारण सभामा महासचिव रामदत्त पौडेलले वार्षिक गतिबिविध प्रस्तुत गरेका थिए।

प्रदेशमा ११ जिल्ला, २८६ वटा उपशाखा, १५२ जुनियर सर्कल र ७३७ यूवा सर्कल रहेको जानकारी दिए। रेडक्रस अर्न्तगत २२ वटा एम्बुलेन्स रहेकोमा ९ वाटा विग्रेको पौडेलले प्रतिवेदन पेश गरे । प्रदेशमा बाढीपहिरो, डुबान, चट्याङ्ग, आगालागी, हिमपात, हिमपहिरो, सडक दुर्घटना हावाहुरी, असिना लगायतका विपद्का घटना घटेका छन्। पौडेलले १५ सय परिवारका लागि गैह्रखाध्य गोदाम रहेको बताए । कार्यक्रममा स्याङजा जिल्ला शाखाका कार्यलय प्रमुख मित्र प्रसाद लम्सालालाई सम्मान गरिएको थियो ।

# शान्ति निकुन्ज स्कुललाई वडा अध्यक्ष कप फुटवल प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन



शान्ति निकुन्ज बोर्डिङ स्कुलले अन्तरबिद्यालय स्तरिय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० को उपाधि जितेको छ। पोखरा ड्याम साइड स्थित गण्डकी प्रदेश प्रहरी गणको फुटवल खेल मैदानमा आज (आइतबार) भएको फाइनल खेलमा टाईब्रेकरमा ५–४ को गोल अन्तरले शान्ति निकुन्जले बालोदय बोर्डिङ स्कुललाई पराजित गर्दै उपाधि सहित नगद ३० हजार हात पार्न सफल भएको हो।

२५/२५ मिनेटको निर्धारित समयमा दुबै तर्फ एक/एक गोलले खेल बराबरीमा टुगिए पछि खेल टाईब्रेकरमा पुगेको हो । टाईब्रेकरमा बालोदयका सुविन सारु मगरले प्रहार गरेको वल शान्ति निकुन्जका गोलरक्षक आसिक गुरुङले उत्कृष्ट बचाउ गर्दा शान्ति निकुन्जले जित हासिल गर्न सफल भएको हो । निर्धारित समयमा बालोदयका आविष्कार सुनार र शान्ति निकुञ्जका ईन्द्रबहादुर बिकेले गोल गरेका हुन् । खेलमा शान्ति निकुन्जका गोलरक्षक आसिक गुरुङ म्यान अफ दी म्याच घोषित भए । शान्ति निकुन्जका प्रशन्न थापा, विश्वास गुरुङ, इन्द्रबहादुर बि.क., रुपक गाहा र आयुष गुरुङले पेनाल्टी सुटमा गोल गरे । बालोदयका अंकित केसी, श्रीजल मल्ल, संगम गुरुङ र अग्रिम पोडेलले पेनाल्टी सुटमा गोल गरेका हुन । तेश्रो स्थानको लागि भएको खेलमा गत बर्षको विजेता छोरेपाटन माविले सडेन डेथमा फिस्टेल एकेडेमी माथि जित हासिल गरेको हो। निर्धारित र टाईब्रेकरमा दुबै तर्फ बराबरीमा पुगे पछि खेल ७–६ को टाइब्रेकरको सडेन डेथमा निर्णय भएको हो । यसैबिच, पोखरा १७ का जनप्रतिनिधि तथा कर्मचारी र आयोजक ड्याम साइड क्लवको भेट्रान्स टीम बिचको मैत्रीपूर्ण फुटवल १-१ ले खेल बराबरीमा टुंगिएको छ । प्रतियोगितामा उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिम फिस्टेल एकेडेमीले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गरेको महासचिव राकेश श्रेष्ठले बताए । प्रतियोगितामा शान्ति निकुञ्जका प्रसन्न थापा उत्कृष्ट खेलाडी घोषित भए । त्यसै गरी प्रतियोगितामा उत्कृष्ट डिफेन्डरमा बालोदयका सुविन्द्र मगर, मिडफिल्डरमा शान्ति निकुञ्जका ईन्द्रबहादुर बि.के., फरवार्डमा शान्ति निकुञ्जका विश्वाश गुरुङ, शान्ति निकुन्जकै गोलरक्षकमा आसिक गुरुङ, उत्कृष्ट प्रशिक्षकमा प्रमेन्द्र थापा घोषित भए। प्रतियोगितामा समान ४/४ गोल गरेका छोरेपाटन मा.बि. का भिमबहादुर जर्गा, शिशु कल्याण स्कुलका सोहन आले पुरस्कृत भए। प्रतियोगितामा शिशु निकेतन बोर्डिङ स्कुल अनुशासित टोली घोषित भयो। सबै विधाका विजेताहरुलाई ट्रफी प्रदान गरिएको थियो । विजयी खेलाडीहरुलाई पोखरा महानगरपालिका वडा नम्बर १७ का वडा अध्यक्ष राधिका शाही योगी, गण्डकी प्रदेश प्रहरी गणका प्रहरी निरिक्षक सोमदास ढकाल, प्रहरी नायव निरिक्षक रुद्रप्रसाद अधिकारी, एन्फा कास्कीका अध्यक्ष उज्जल रञ्जित, सहारा क्लवका अध्यक्ष केशवराज बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, वडा सदस्य बिक्रम गुरुङ, तारा सेवा परियार, वडा सचिव मन्जु ढुंगाना, क्लवका अध्यक्ष प्रताप गुरुङ, सल्लाहकार कल्पना श्रेष्ठ, पूर्व अध्यक्ष पदम ढकाल, क्लवका जापान संयोजक रमेश गुरूङ, ड्याम साइड टोल विकास संस्थाका अध्यक्ष शोभा श्रेष्ठ फुलचुक क्लका अध्यक्ष सुरज खवास, फुलचोक टोल विकास संस्थाका अध्यक्ष गुरुदक्त रेग्मी, सिद्धार्थ राजमार्ग टोल विकास संस्थाका अध्यक्ष आत्म तुलाचन लगायतले पुरस्कार वितरण गरे ।

पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा उक्त प्रतियोगिता भएको हो । फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको अध्यक्ष प्रताप गुरुङले बताए । प्रतियोगितामा सामुदायिक तथा निजी गरी १९ बिद्यालयहरुको सहभागिता रहेको क्लवका बरिष्ठ उपाध्यक्ष रमेश प्रसाद बरालले जनाए।

# बिटी कपमा प्रिक्वाटर समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन




बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा प्रिक्वाटरफाइनलको समिकरण पूरा भएको छ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आइतबार दोस्रो चरणका सबै खेल सकिएसँगै प्रिक्वाटरफाइनलका समिकरण पूरा भएको हो । बेलिज एफसी र दिव्यज्योती युवा क्लबबीच आज भएको पहिलो खेल १-१ गोलको बराबरीमा निर्धारित समयसकिएपछि टाइब्रेकरमा दिव्यज्योतीले ५-४ गोल अन्तरले पराजित गर्दै प्रिक्वाटरमा प्रवेश गर्यो। खेलमा बेलीजका लागि नकुल तामाङले १ गोल गरेका थिए भने दिव्यज्योतीको तर्फबाट विशाल गुरुङले १ गोल गरेका थिए। यस्तै कलमपोखरी र लामागाउँ टिम 'ए' बीच भएको दोस्रो निर्धारित समया खेल गोलरहित भएपछि टाइब्रेकरमा ९-८ गोल अन्तरले लामागाउँ विजयी बन्यो । तेस्रो खेलमा एट टु नाइनले लामागाउँ टिम 'बि'लाई १-० गोल अन्तरले पराजित गर्यो । एट टु नाइनको जीतमा ध्रुव घिमिरेले निर्णायक गोल गरे।

यस्तै चौथो खेलमा म्याक्सवेल पोखराले रत्नसमाज क्लब कस्केरीमाथि १-० गोल अन्तरले सँघर्षपूर्ण जीत निकाल्यो । म्याक्सवेलको जीतमा अर्जुन थकालीले निर्णायक गोल गरे। अब म्याक्सवेलले प्रिक्वाटरमा तारा एफसीसँग प्रतिस्पर्धा गर्नेछ।


पाँचौ खेलमा नमस्ते ब्रदर्शले मण्डला एफसीलाई ३-० गोल अन्तरले पराजित गर्यो । नमस्तेको जीतमा शोभित भण्डारीले २ गोल र आशिष छन्त्यालले १ गोलको योगदान दिए। यसैगरी आज भएको अन्तिम खेलमा एन टु क्याफेले एपेक्स काँडेमाथि ४-० गोल अन्तरले सहज जीत निकाल्यो । एन टुको जीतमा विक्रान्त लामाले २ गोल गरे भने उर्गेन लिम्बु र अभय राणाले समान १ गोलको योगदान दिए । खेल संयोजक रामकाजी गुरुङका अनुसार सोमबारदेखि प्रिक्वाटरका खेल हुनेछन् । प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# जीवन पद्धति बन्नुपर्छ प्रजातन्त्र

नेपालमा प्रजातन्त्र स्थापना भएको ७३ वर्ष पुरा भएको छ। नेपाली जनताले प्रजातान्त्रिक अधिकार पाएको चौहत्तर वर्ष लाग्दा पनि देशमा राजनीतिक स्थायित्व हुन सकेको छैन । लोकतन्त्र दाउपेच र छलछामका लागि हो कि जनताका लागि हो भन्ने निर्कैयौल हुन सकेको छैन । नेपाली जनताले आफ्नो देशको विकास र स्थायित्वका लागि पटकपटक आन्दोलन गर्नुपर्ने अवस्था छ । जनताको मतलाई भन्दा शक्तिकेन्द्रको स्वार्थ र पद प्राप्ति नै सबथोक ठानेर षड्यन्त्रमा चल्ने नेता र दल रहेसम्म वास्तविक प्रजातन्त्रको लागि देशभक्त नेपालीले खबरदारी गर्नुपर्नेछ । ७३ वर्षको अघि १०४ बर्षको जहानीया राणा शासन अन्त्यको घोषणा भएको दिन फागुन ७ हो । जहानीया शासन अन्त्य भै जनताले राजनीतिक अधिकार पाएको दिन हो । नेपालमा राणा शासन अन्त्य भइ २००७ साल फागुन ७ गतेका दिन प्रजातन्त्र स्थापना भएको हो । राणा शासन अन्त्य भएपनि सम्पूर्ण शक्ति पराजीत भएको थिएन । आन्दोलनकारी शक्ति, राणा र राजतन्त्र बीच संझौता भएर प्रजातन्त्र आएको थियो ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भारतको ठूलो साथ र समर्थन रहेको थियो । भारतको मध्यस्थतामा भएका सहमति देशको स्थायित्व र प्रजातन्त्रको संस्थागत विकास हुन सकेन। राजतन्त्रबाटै प्रजातन्त्रमाथि खतरा उत्पन्न भयो । नेपाली जनताले चाहेको जस्तो प्रजातन्त्र पाउन धेरै संघर्ष र आन्दोलन गर्नुपर्‍यो । २००७ सालमा राजा त्रिभुवनले जनतासामु गरेको आफ्नो संविधान आफै बनाउने घोषणा कार्यान्वयन हुन धेरै क्रान्ति ,संघर्ष भयो ।जनताको बलिदान र देशले धेरै सामर्थ्य गुमाउनु परेको छ।आएको छ। हामीले प्राप्त गरेको लोकतन्त्र/प्रजातन्त्र जप्ने मन्त्र होइन । कसैले आफूलाई लोकतन्त्रवादी प्रजातन्त्रवादी भनेर पुग्ने अवस्था छैन । व्यवहारमा लोकतन्त्र छ कि छैन महत्वपूर्ण हो । नेपालका राजनीतिक दल र तीनका नेताले अपनाउने व्यवहारले लोकतन्त्र कति मजवुत छ भन्ने कुरा स्पष्ट हुन्छ। सत्तामा पुग्नका लागि नेपालका राजनैतिक दल र नेताहरु आन्दोलन गर्न सक्षम छन् । प्राप्त उपलब्धि जोगाउन नसक्दा जनताले दुख व्यहोर्नुपरेको छ।

बहुमतको सरकार टिक्न नसक्ने अवस्था देशका लागि दुर्भाग्य हो ।नेताहरूको कुण्ठा, ईष्या, घमण्डले गर्दा लोकतान्त्रिक प्रणाली कमजोर भएको छ। जुन दलसँग बहुमत छ त्यही दलभित्र खेल्ने रोग शक्तिकेन्द्रहरुले गर्दै आएका छन् । कांग्रेसले दुइ तिहाई बहुमत ल्यउदा होस या पटक पटक बहुमत ल्याउँदा दलभित्रको आन्तरिक खिचातानीलाई खेल्ने काम गरेकै हो । नेकपाको बहुमतमा खेल्ने काम भयो । नेकपा एमालेमा खेल्ने काम भयो । नेपालमा अस्थिरता कायम राख्न सधैं एउटै प्रबृत्ति हावी भएको छ । २००७ सालदेखि २०१७ सालसम्म दलहरुबीच बेमेलले गर्दा प्राप्त उपलब्धी संस्थागत हुन सकेन । अहिले पनि त्यही अवस्था छ । जुन जनताले नचाहेको र दलहरुको प्रतिबद्धता विपरितको क्रियाकलाप हुन् । संविधान जारी भए पछि दुई पटक भएका चुनावले पनि स्थानीय तह, प्रदेश र संघीय सरकारका बारेमा जनताले सन्तुष्टि जनाउन नसक्नु विडम्बना हो ।

जनतालाई दिने सेवा र शासन सत्तामा रहनेको व्यवहारले गर्दा जुन जोगी आएपनि कानै चिरेको थैलो भिरको उखान जस्तो बन्न पुगेको छ । सर्वसाधारणलाई कानुन लाग्ने ठुला र संगठित समुहले उन्मुक्ति पाउनु नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख मुलुक बनाउने कुरा अहिलेका गतिविधिले ठेस लागेको छ । प्रजातन्त्रमा सबैभन्दा ठूला जनता हुन्छन् । जनताले दिएको जनादेश भन्दा फरक तरिकाले सरकार बन्नु र चल्नु प्रजातन्त्र बलियो हुन नसकेको प्रमाण हो ।कसैले जितेको र कसैले हारेको अनुभुति नगरी जनताको जित, देशको स्वाभिमान कायम हुनेगरी शासन संचालन गर्न सके मात्र प्रजातन्त्र बलियो हुन सक्छ। प्रजातन्त्र ल्याउनको निम्ति प्राण आहुति दिने र आन्दोलनमा लाग्ने सबैलाई यस अवसरमा स्मरण गर्न चाहन्छौं। सिमित बर्गले मात्र राज्यको साधन श्रोतको दोहन गर्ने बहुसंख्यक जनता नयाँ खालका शोषण र उत्पिडनमा पर्ने हो भने लोकतन्त्र बलियो हुन सक्दैन ।

सत्तामा पुगेकाहरुले जनतालाई आफुजस्तै सम्पन्न छन् भन्ने सोचाईका कारण जनतामा असन्तुष्टि बढ्दै गएको छ । जनताको असन्तुष्टिलाई निरंकुश र राजावादीले खेल्ने ठाउँ नदिन लोकतान्त्रिक आचरण देखाउनु आवश्यक छ। लोकतन्त्रका दुई वटा पक्ष छन्, एउटा राजनीतिक अधिकारहरू प्राप्ति, रक्षा, विकास र उपयोग हो भने अर्को, राष्ट्रिय हितहरूको संरक्षण र सम्वर्द्धन हो। प्रजातन्त्रका विषयमा चर्चा गरिरहँदा राष्ट्रको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र लोकतन्त्रको रक्षाका लागि गरिएका आन्दोलनहरूमा योगदान गर्नेहरूप्रति उत्तिकै सम्मान र श्रद्धा गरिनुपर्दछ । प्रजातन्त्र–लोकतन्त्रलाई सत्ता प्राप्तिको दाउपेच र सडक आन्दोलनमा पोखिइरहने विषयका रूपमा नभई 'समृद्ध नेपाल, सुखी नेपाली'को आकाङ्क्षा पूरा गर्न तथा जीवनशैली र सोचलाई लोकतान्त्रिक बनाउन सदुपयोग गरौं । लोकतन्त्र–प्रजातन्त्र, राष्ट्रिय हित र स्वाभिमानका लागि समर्पित सबैप्रति साँचो सम्मान हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : ब्यापारमा लाभ |
| ककर्ट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# शुक्लागण्डकी महोत्सवमा पातको माला

**पोखरापत्र संवाददाता**
दमौली, ६ फागुन

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा जारी तेस्रो शुक्लागण्डकी महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ । महोत्सवमा खादा र ब्याचको सट्टामा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको हो। यसअघिका महोत्सवमा नगर र जिल्ला बाहिरबाट माला खरिद गरी ल्याउने गरिएकामा यसपटक समिको पातबाट बनाइएको माला र स्थानीय फूल प्रयोगमा ल्याइएको हो । साथै महोत्सवमा खादा र ब्याच प्रयोग गरिएको छैन ।

महोत्सव उद्घाटनका अवसरमा समिबाट बनेका माला आमन्त्रित व्यक्तिहरूलाई लगाइएको थियो । अन्य दिनहरूमा पनि अतिथि र कलाकारलाई स्थानीय माला प्रयोग गरिएको अतिथि सत्कार उपसमिति संयोजक जोशीला थापाले जानकारी दिनुभयो । शुक्लागण्डकी नगरपालिका-६ ले जनजाति लक्षित कार्यक्रमअन्तर्गत हालै २५ दिने बाँसका हस्तकला सामान बनाउने तालिम प्रदान गरेकामा सहभागी प्रशिक्षार्थीले सो माला बनाएका हुन् । उनीहरूले उत्पादन गरेका बाँसका सामग्री महोत्सवमा बिक्री र प्रदर्शनीका लागि राखिएको वडाध्यक्ष बुद्धिबहादुर थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तालिमको समापनका अवसरमा समि र फूल मिलाएर माला बनाएका थिए । सोही मालालाई महोत्सव आयोजकसँग कुरा गरी प्रयोगका लागि अनुरोध गरिएको हो । आयोजकले प्रतिमाला रु ३० दिएका छन् ।" महोत्सव मूल संयोजक एवं शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष विमलप्रसाद रिमालले स्थानीयले उत्पादन गरी उपलब्ध गराउँछौं भनेपछि आयोजकले उनीहरूलाई प्रोत्साहनका लागि पनि स्थानीय मालालाई नै प्राथमिकता दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस क्षेत्रमा अहिले फूल छैन, अतिथि सत्कारका लागि हामीले पनि बाहिरबाट खरिद गरी ल्याउनुपर्ने हुन्थ्यो ।" तालिम लिएकी मधु थापाले तालिम सकिनेबित्तिकै आफूहरूको उत्पादनलाई प्राथमिकता दिएकामा धन्यवाद दिनुभयो । महोत्सवमा स्थानीयस्तरमा उत्पादित वस्तु बिक्री वितरणका लागि स्टल निःशुल्क व्यवस्था गरिएको छ । स्थानीयस्तरमा उत्पादित कृषि, घरेलुलगायतका सामग्री बिक्री वितरण र प्रदर्शनीका लागि स्टल निःशुल्क गरिएको सङ्घका उपाध्यक्ष सुजित हिराचनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "स्थानीय उत्पादनले बजार पाओस् भन्नका लागि स्टल निःशुल्क व्यवस्थापन गरेका छौं । यसले त्यस्ता सामग्रीको प्रवर्द्धनमा सहयोग पुग्नेछ ।"महोत्सवमा अटोमोबाइल, होटललगायत अन्य व्यावसायिक स्टलसमेत गरी कुल एक सय ८० स्टल रहेका छन् ।

महोत्सवमार्फत शुक्लागण्डकी नगर क्षेत्रभित्र रहेका पर्यटकीयस्थलको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ। महोत्सवमार्फत नै दगामस्थित घरबास (होमस्टे)को प्रचार-प्रसार र प्रवर्द्धन गरिने उहाँको भनाइ छ। फागुन ८ गतेसम्म सञ्चालन हुने महोत्सव अवधिभर करिब रु तीन करोड आर्थिक कारोबार हुने लक्ष्य छ। त्यस्तै दुई लाख दर्शकले महोत्सव अवलोकन गर्ने अनुमान गरिएको आयोजकको भनाइ छ।

महोत्सवमा राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका कलाकारलाई समावेशगरिनेछ।यसैगरीमहोत्सवको अवसरमा विद्यालयस्तरीय नृत्य, भलिबल, रत्यौली, गण्डकी गायन, र कौरा नृत्य प्रतियोगितालगायतका कार्यक्रम सञ्चालन हुनेछ।

# त्रिविको उपकुलपतिमा तीन उम्मेदवारको नाम सिफारिस

**रासस**
काठमाडौं, ६ फागुन

त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपतिमा प्रा डा चित्रबहादुर बुढाथोकी, प्रा डा केशरजङ्ग बराल र प्रा डा टङ्कनाथ धमला मध्येबाट एक जनालाई नियुक्त गर्न सिफारिस गरिएको छ।

आवेदन दिएका ४३ मध्ये १४ उम्मेदवार अल्पसूचीमा परी आइतबार अन्तर्वार्ताको कार्य सम्पन्न भएपछि सिफारिस समितिले तीन जनाको नाम चयन गरेको हो । त्रिभुवन विश्वविद्यालय ऐन, २०४८ को दफा १८ (२) बमोजिम उक्त तीनमध्येबाट प्रधानमन्त्री एवं कुलपतिले एकलाई नियुक्त गर्नुहुनेछ।

त्रिविका उपकुलपति डा धर्मकान्त बास्कोटाको कार्यकाल गत कात्तिक १८ गते सकिएकपछि गत कात्तिक २४ गते प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' ले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईका अध्यक्षतामा सचिव सुरेश अधिकारी र त्रिविका बौद्ध अध्ययन विभागका प्रमुख डा चन्द्रकला घिमिरे रहेको कमिटी गठन गर्नुभएको थियो।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ हप्राक दोपहरे सडक निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : हप्राक दोपहरे सडक निर्माण
**उपभोक्ता समिति**: हप्राक दोपहरे सडक निर्माण समिति, पोखरा-२१, मालागिरी
**योजना सम्झौता मिति**: २०८०/०६/११ गते
**योजना सुरु मिति** : २०८०/०६/१२ गते
**योजना सम्पन्न मिति** : २०८०/०९/१७ गते
**महानगरपालिकाबाट** : रु. २०,००,०००/-
**उपभोक्ताबाट** : रु. २,५३,३१०/०७
**जम्मा लागत** : रु. २२,५३,३१०/०७

**ममता कार्की**
अध्यक्ष

**हप्राक दोपहरे सडक निर्माण समिति**
पोखरा-२१, मालागिरी, कास्की


# रूपा-२ का वडा अध्यक्ष सुवेदीद्वारा इन्द्रायणीका विद्यार्थीलाई पोसाक वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन



कास्कीको रूपा गाउँपालिका-७, हंसपुरस्थित इन्द्रायणी आधारभूत विद्यालयका विद्यार्थीलाई सोही गाउँपालिका, वडा नम्बर २ का वडा अध्यक्ष राजन सुवेदीले आइतवार विद्यालय पोसाक वितरण गरेका छन् ।

आफू जनप्रतिनिधि चुनिएपछि प्राप्त सेवा सुविधाको रकम समाजसेवामा खर्च गर्ने क्रममा उनले पोसाक वितरण गरेका हुन् । आफू भुईं तहबाट सङ्घर्ष गर्दै अघि बढेको स्मरण गर्दै वडा अध्यक्ष सुवेदीले कुनै पनि बालबालिकाले कुनै पनि अभावका कारण शिक्षाबाट बञ्चित हुन नपरोस् भन्नेमा आफू सचेत रहेको बताए । "आमाले अदुवा, अमिलो, पिँडालु बेचेर हुर्काउनुभयो, बुबाले सिकर्मी काम गरेर घरव्यवहार धान्नुभयो" सुवेदीले भने, "अभावको पीडा मलाई राम्रोसँग थाहा छ त्यसैले आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई सहयोग गर्न म सधैँ तत्पर रहन्छु ।" आफू जनप्रतिनिधि भएपश्चात् प्राप्त सेवा सुविधाको रकम जनसेवामा खर्च गर्दै आएको जानकारी दिँदै उनले आमा समूह, युवा प्रोत्साहन, कृषि प्रवर्धन, विद्यार्थी प्रोत्साहन तथा बिरामीहरूको उपचारका लागि सहयोग गरेको बताए । जनप्रतिनिधि रहँदासम्म यो क्रम निरन्तर रहने उनको भनाइ थियो। यसअघि उनले विश्वशान्ति मावि र चण्डी आविका विद्यार्थीलाई पोसाक वितरण गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका युवा नेता तथा खेलकुद महासङ्घका केन्द्रीय सचिव विष्णु पुनले रूपामा राजन जस्ता जनप्रतिनिधि सबै वडामा हुने हो भने रूपा साँच्चिकै रूपवान् बन्ने धारणा राखे । राजन सुवेदीको सेवा सुविधाको रकमबाट रूपा गाउँपालिकाभित्र धेरै क्षेत्रमा काम भएको हुँदा राजन रूपामा मात्रै नभएर जिल्लामै असल जनप्रतिनिधिका रूपमा स्थापित भएकोमा खुसी व्यक्त गर्दै पुनले अबको अभियान राजन जस्ता जनप्रतिनिधि जन्माउने काममा केन्द्रित हुनुपर्ने बताए । स्वागत मन्तव्य राख्दै विद्यालयका शिक्षक तथा निवर्तमान प्रअ राजेन्द्रराज भट्टराईले रूपा- २ का वडा अध्यक्ष राजन सुवेदी रूपाको मात्र नभई देशकै अमूल्य निधि भएको विचार राखे।

युवा समाजसेवी विश्व न्यौपानेले अब कामका आधारमा जनप्रतिनिधि चयन गर्नुपर्नेमा जोड दिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रमिला श्रेष्ठको अध्यक्षयतामा भएको कार्यक्रमको सञ्चालन सहायक प्रअ रामशरण न्यौपानेले गरेका थिए।

# सुशासन, समृद्धि र सामाजिक न्याय सरकारको मूलमन्त्र हो : उपप्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
गोरखा, ६ फागुन

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ 'प्रकाश' ले सुशासन, समृद्धि र सामाजिक न्याय वर्तमान सरकारको मूलमन्त्र रहेको बताउनुभएको छ। गोरखाको पालुङटार नगरपालिका-७ च्याङलीस्थित जीवन ज्योति माध्यामिक विद्यालयको ५६औं वार्षिकोत्सवमा उहाँले सुशासन कायम नभएसम्म विकास-निर्माणका कामले फड्को मार्न नसक्ने बताउनुभयो । "अहिलेको सरकारको मूलमन्त्र सुशासन, समृद्धि र सामाजिक न्याय हो, गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "विकासमा फड्को मार्न सुशासन अनिवार्य शर्त हो। पर्याप्त स्रोत साधनको अभावमा सरकारले चाहेजस्तो विकास निर्माणका काम गर्न नसकेको उहाँले बताउनुभयो । गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "देशमा हामीले ठूलो राजनीतिक परिवर्तन गर्‍यौं, नयाँ संविधान बनायौं, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्‍यौं, अब लोकतन्त्रको माध्यमबाट आमनागरिक जीवन फेर्नुपर्छ।"


## कर्जा तिर्न आउने बारे ७ दिने अत्यन्त जरूरी सुचना

प्रकाशित मिति २०८०।११।०७ गते

यस **अनमोल बचत तथा ऋण सहकारी संस्था लि.** साबिक अमले बचत तथा ऋण सहकारी बाट घर जग्गा कर्जा शीर्षक अन्तरगंत कर्जा उपयोग गर्नुहुने शेयर सदस्य तपाई श्री बिष्णुमाया नेपालीले उक्त कर्जाको तिनुपर्ने सावाँ, ब्याज, बिलम्ब शुल्क र अन्य दस्तुर समेतको रकम कर्जा भुक्तानि तालिका बमोजिम भुक्तानि नगरी कर्जा लिने बेला भएको, सम्झौता बमोजिम नियम पालना नगरेको तथा यस संस्थाको तर्फबाट भाखा नाघेको कर्जा नियमित रुपमा भुक्तानि गर्न गराउन बारम्बार मैखिक, फोन सम्पर्क तथा लिखित रुपमा ताकेता गर्दा समेत यहाँले तिर्नुपर्ने सावाँ ब्याज बिलम्ब शुल्क र अन्य दस्तुर भुक्तानि गर्न नआई कुनै चासो नदेखाई आल टाल गर्नुभएको र आफुले बुझाउनुपर्ने रकम नबुझाउनु भएको हुदाँ यो ७ दिने सर्बजनिक सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थामा सम्पंक राखि तपाईले बुझाउनुपर्ने सम्पुर्ण रकम सावाँ ब्याज र अन्य दस्तुर बुझाउनुहोला । अन्यथा प्रचलित ऐन कानुन, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र यस संस्थाको बिनियम र कर्जा निती बमोजिम छत्तिसौ दिनदेखि धितोमा रहेको अचल सम्पती लिलाम बिक्रीको लागि प्रकृया अगाडी बढाई संस्थाले लिनुपर्ने सम्पुर्ण रकम असुल उपर गरिनुका साथै ऋणिलाई कालो सुचिमा राखिने ब्योहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।

**कर्जा विवरण**

| कर्जाको विवरण | धितोको विवरण | फोटो |
|---|---|---|
| नाम : **बिष्णु माया नेपाली**<br>ना.प्र.प्र.न. २४६<br>जारी मिति: २०४६।०१।२२<br>पतिको नाम : धन बहादुर नेपाली<br>ससुरा : बुधे नेपाली<br>स्थायी ठेगाना : स्याङ्जा जिल्ला टक्सार खलंगा गा.बि.स. वडा नं. १<br>हालको ठेगाना पोखरा-२१, आरनडाँडा | ऋणी बिष्णु माया नेपालीको नाममा गण्डकी अञ्चल कास्की जिल्ला साबिक कृस्ती नाच्ने चौर गा.बि.स. वडा नं. ३ मा रहे को कित्ता नं. १८३४ क्षेत्रफल ०–११–३–१ रोपनि |  |
| धन जमानी : श्री रामजी परियार<br>ना.प्र.प्र.नं. १६१३०९<br>जारी मिति: २०६२।०५।२९<br>बाबुको नाम : खर्ग बहादुर परियार<br>बाजे: बुधे परियार<br>स्थायी ठेगाना: कास्की जिल्ला कृस्तीनाच्ने चौर<br>गा.बि.स.वडा नं ३<br>हालको ठेगाना पोखरा मा.न. पा..२१ आरनडाँडा | |  |

**अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

पोखरा-१७, छोरेपाटन, सर्म्पक नं. ०६१-४५६६४३

# नृत्य प्रतियोगिताको उपाधि एकलतर्फ सन्तोष र समुहगततर्फ बेसलाइनलाई

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन




पोखरामा 'रोटरी वा रोट्याक्ट डान्सिङ स्टार्स २०२४' नृत्य प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिता अन्तरगत समुहगत प्रतिष्पर्धामा बेसलाइन एकेडेमीले उपाधि जित्न सफल भयो। कुल १६ समुहले भाग लिएको यो विधातर्फको उपाधि जितेको बेसलाइनले १ लाख रुपैयाँ हात समेत पाऱ्यो।

समुहगततर्फ द्धितिय बनेको निश्चल डान्स एकेडेमीले ५० हजार र तृतीय बनेको कास्की मोडनाइज्ड एकेडेमीले २५ हजार रुपैयाँ हात पारे। समुहगततर्फ पब्लिक च्वाइस अवार्ड इन्ट्र्याक्ट क्लब अफ पोखरा लेकसाइडले जित्यो। समुहगततर्फ सहभागी भएको रोटरी क्लब अफ पोखरा लेकसाइडलाई प्रोत्साहन पुरस्कार प्रदान गरियो। रोटरी दिवसको छेको पारेर आयोजना गरिएको नृत्य प्रतियोगिता अन्तर्गत एकल प्रतिष्पर्धामा रोट्र्याक्ट क्लब अफ स्यम्भुका सन्तोष थापा मगरले बाजी मारे। कुल ११ जनाबीच भएको एकल प्रतिष्पर्धाको उपाधि जितेका उनले नगद ५० हजार रुपैयाँ हात पारे। एकलतर्फ द्धितिय बनेकी रोट्र्याक्ट क्लब अफ वालिङकी विन्दु नेपालीले २५ हजार रुपैयाँ र तृतीय बनेकी रोट्र्याक्ट क्लब अफ बनेपाकी नीति नर्कमीले १२ हजार रुपैयाँ प्राप्त गरे। एकल तर्फ पब्लिक च्वाइस अवार्ड रोट्र्याक्ट क्लब अफ पोखराकी कुसुम कुमारी थापाले जितिन्। स्टार्स स्टुडियो प्रालि, स्टार्स फाउण्डेशन नेपाल र रोटरी क्लब अफ पोखरा प्याराडाइजको संयुक्त आयोजनामा प्रतियोगिता भएको थियो। गण्डकी प्रज्ञा-प्रतिष्ठानको भानु हलमा आयोजना भएको प्रतियोगिताको निर्णायकमा मन कुमार श्रेष्ठ, रबिन गुरुङ र राज बहादुर गुरुङ रहेको कार्यक्रम संयोजक जसमाया गुरुङ जसुले जानकारी दिइन्। रोटरी क्लब अफ पोखरा प्याराडाइजका उपाध्यक्ष डा. हरि विक्रम अधिकारीको अध्यक्षतामा सञ्चालन भएको प्रतियोगिताका सहभागीलाई हौसला प्रदान गर्न ड्रिष्टिक गर्भनर राजेन्द्र धोजु, ड्रिष्टिक गर्भनर नोमिनी विनोद कोइराला, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल लगायत पुगेका थिए। कार्यक्रमको थप आकर्षणको रुपमा स्टार्स एकल गुरुङ नृत्य प्रतियोगिता २०७९ को मनोरञ्जनात्मक अवार्ड विजेता अर्चना गुरुङको प्रस्तुती समेत रहेको थियो। रोटरी वा रोट्र्याक्ट क्लबमा आवद्ध अथवा रोटरीको परिवारमा रहेका प्रतिभाको प्रतिभा प्रस्फुटन गराउने उद्धेश्यले आयोजना गरिएको प्रतियोगितामा समुहगततर्फ भने खुल्ला प्रतिष्पर्धा गरिएको कार्यक्रम संयोजक गुरुङले खुलाइन्।

रोटरी क्लब अफ पोखरा प्याराडाइजले सामाजिक कार्य मार्फत आफूलाई स्थापित गर्न खोजिरहेको छ। कार्यक्रमबाट बचत भएको रकम नृत्य मार्फत महिला शसक्तिकरण अभियानको लागि छात्रवृत्तिमा खर्च गरिने आयोजकले बताएका छन्। रोटरी क्लब अफ पोखरा प्याराडाइजका सचिव देवेन्द्र पराजुलीले स्वागत गरेको कार्यक्रमको सञ्चालन लक्ष्मी थापा गिरी र जसु गुरुङले गरेका थिए।

# नाम्स पोखरा शाखामा जयनारायण

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन



नेपाल बजार बिक्री प्रतिनिधी संघ ( नाम्स ) स्वतन्त्र ट्रेड युनियन मा दर्ता भए पछि शनिवार पोखरामा शाखाको पोखरा ईकाईको प्रथम अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले जयनारायण सापकोटाको अध्यक्षतामा १३ सदस्यिय नयाँ कार्य समिती सर्वसम्मत निर्वाचित गरेको छ।

समितिको उपाध्यक्षमा सुनिलकुमार गोर्खाली, सचिव भुवन पौडेल, उपसचिव सूर्यप्रकाश भट्टराई तथा कोषाध्यक्ष बिक्रम अधिकारी छानिएका छन्। तेस्तै सदस्यहरुमा बद्री अधिकारी, टिकाराम ढकाल, अश्विन पौडेल, विश्वजंग थापा तथा राजेश पुरी चुनिए। समितिमा तीन सदस्य संघको पहिलो बैठकबाट मनोनित गरिने बताईएको छ। निर्वाचन समितीमा नेपाल पत्रकार महासंघ कास्कीका सहसचिव श्रीराम सिग्देल संयोजक तथा नाम्सका केन्दिय उपाध्यक्ष गोपाल सापकोटा र केन्द्रिय श्रम सचिव शैलेश बुढाथोकी सदस्य रहेका थिए। नेपाल बजार बिक्री प्रतिनिधी संघ का संस्थापक अध्यक्ष प्रेमप्रसाद गौतमको प्रमुख आतिथ्यतामा भएको अधिवेशनमा संघका पूर्व केन्द्रिय अध्यक्ष ऋषी अधिकारी, केन्द्रिय उपाध्यक्ष गोपाल सापकोटा, नेपाल पत्रकार महासंघ कास्कीका सहसचिव श्रीराम सिग्देल, नाम्स गण्डकी प्रदेश अध्यक्ष शुरेश सापकोटा , स्याङ्गजा ईकाईका अध्यक्ष प्रकाश ढकाल लगायतले संघले गर्नुपर्ने विविध विषयहरुमा आआफ्ना भनाई राखेका थिए। नाम्स पोखरा ईकाईका अध्यक्ष बाबुराम तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष जयनारायण सापकोटा तथा कार्यक्रम सञ्चालन सचिव भुवन पौडेलले गरेका थिए। अधिवेशन संगै संघले रमाईलो बनभोज कार्यक्रम समेत गरेको थियो।

# साइनिङ स्टारको रजत जयन्तीमा कलाकार घिमिरेलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन




पोखराको साइनिङ स्टार बोर्डिङ स्कुलले अग्रज कलाकार प्रकाश घिमिरेलाई सम्मान गरेको छ।

विद्यालयले २५ औं वर्ष प्रवेशका अवसरमा आयोजना गरेको रजत महोत्सव विशेष समारोहमा घिमिरेलाई सम्मान गरेको हो। समारोहका प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा.गणेश मान गुरुङले उहाँलाई चाँदीको करुवा सहित दोसल्ला ओढाएर सम्मान गर्नुभयो। सो अवसरमा प्रमुख अतिथि गुरुङले निजी विद्यालयले राज्यलाई महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो। विद्यालयले अन्र्तराष्ट्रिय स्तरमा समेत भगिनी सम्बन्ध कायम गर्दै विश्व जगतमा नेपाली शिक्षा तथा संस्कृती चिनाउन मद्धत पुऱ्याएको उहाँको भनाई थियो। साथै अवको शिक्षा व्यवहारिक शिक्षा हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

सम्मानित व्यक्तित्व घिमिरेले सम्मानले आफुलाई यो क्षेत्रमा अझै केहि गर्न थप प्रेरणा मिलेको बताउनुभयो। समारोहमा शिक्षकहरु ललिता गुरुङ, विन्दु पौडेल, साबित्रा अधिकारी, निक्कु गुरुङ र मान बहादुर थापा तथा कर्मचारीहरु जयराम लिगल, अनिषा हमाल र शर्मिला भुजेललाई दिर्घ सेवा सम्मानबाट सम्मानित गरियो। विद्यालयको साझेदार जर्मनीको युभिए जिम्नाजियम स्कुलका हेड टिचर आना टे सोनहेरले संस्कृती, प्रविधि, शिक्षक तथा विद्यार्थीविच कायम साझेदारीको गाँठो थप मजबुद हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। समारोहमा सो विद्यालयका ३ शिक्षक सहित १८ विद्यार्थीको सहभागिता रहेको थियो। कार्यक्रममा शिक्षा विकास निर्देशनालयका निमित्त महानिर्देशक अम्बिका प्रसाद आचार्य, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, पूर्व प्रमुख नारायण प्रसाद सुवेदी, प्रदेश परीक्षा व्यवस्थापन कार्यालयलका प्रमुख लक्ष्मण देवकोटा, एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, बैज्ञानिक डा.सन्तोष कोइराला,एन प्याब्सन कास्कीका सल्लाहकार याम खड्का, रामबहादुर थापा, अभिभावकको तर्फबाट झम्कनाथ पौडेल, विद्यालय व्यवस्थापन समितिका सल्लाहकार, विष्णुहरी अधिकारी, बसन्त बैठक टोल विकास संस्थाका अध्यक्ष तुलसी दाहाल लगायतले विद्यालयले नाम जस्तै काम गर्न सफल भएको औल्याउनुभयो।

समारोहमा वर्षभरि विभिन्न प्रतियोगिता तथा शैक्षिक कृयाकलापमा उत्कृष्टा हाँसिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो। विद्यार्थीहरुले साँस्कृतीक कार्यक्रमका साथै चेतनामुलक नाटक प्रस्तुत गरेका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बविता भण्डारीले २५ वर्ष सम्म विद्यालयलाई सहयोग गर्ने सम्पूर्ण सहयोगिलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सकारात्मक सल्लाह सुझाव र सहयोगका लागि आग्रह गर्नुभयो।

विद्यालयका प्राचार्य अर्जुन प्रसाद पाण्डेले विद्यालयले रजत जयन्ती सम्म आइपुग्दा समाजका लागि थुप्रै होनहार प्रतिभाको उत्पादन गरिसकेको बताउनुभयो। आगामी वर्षहरुमा थप विद्यार्थी मैत्री कार्यक्रम ल्याउन जोड दिइने उहाँको भनाई थियो। शिक्षक मानबहादुर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# तातोपानी कुण्ड संरक्षणमा गाउँपालिकाको चासो

पोखरापत्र संवाददाता
लमजुङ, ६ फागुन

चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने मर्स्याङ्दी नदी छेउमै रहेको तातोपानी कुण्डको संरक्षण गरिने भएको छ। मर्स्याङ्दी गाउँपालिका-४ जगतको तातोपानी कुण्डको संरक्षण गर्न यहाँको गाउँपालिकाले चासो दिन थालेको छ।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले तातोपानी कुण्डलाई थप व्यवस्थित गदै प्रचारप्रसार गर्न सके पर्यटक आगमन हुने र ऐतिहासिक तातोपानी कुण्ड भएकाले यसको संरक्षणमा गाउँपालिका अघि बढ्न लागेको बताउनुभयो। तातोपानी कुण्डको व्यवस्थापनका लागि गाउँपालिकाले पर्यटन क्षेत्रको बजेटमध्ये रु १४ लाख विनियोजन भएको छ। साथै तातोपानीको थप संरचना निर्माण गरी व्यवस्थापनका लागि सङ्घीय सरकारले रु छ लाख बजेट छुट्याएको उहाँको भनाइ छ। तातोपानी कुण्डको व्यवस्थापन गर्ने योजना अनुरुप गाउँपालिकाका अध्यक्ष गुरुङसहित उपाध्यक्ष जुनामाया थापा, वडा नं ४ का वडाध्यक्ष बलबहादुर गुरुङ, गाउँपालिकाका इञ्जिनियर सुरेश गौतमसहितको टोली केही दिनअघि तातोपानी कुण्डमा पुगेको थियो। कुण्डलाई थप व्यवस्थित गर्ने काम चाँडै अघि बढाइने गाउँपालिका अध्यक्ष गुरुङको भनाइ छ। एउटा ठूलो पोखरी र पिकनिकस्थल निर्माण र यसअघिको संरचनालाई थप व्यवस्थित गरिने योजना रहेको गाउँपालिकाले जनाएको छ। स्थानीय पर्यटन व्यवसायी गुरुङका अनुसार जगतको तातोपानी कुण्डमा दुई वटा पोखरी छन्। प्रतिपोखरी १५ देखि २० जनासम्म अटाउँछन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को रु ५० हजार र गाउँलेको श्रमदानमा विसं २०६८ मा एउटा पोखरी निर्माण गरिएको र त्यसपछि तत्कालीन सांसद जमिन्द्रमान घलेको सांसद कोषको रु दुई लाख बजेटमा अर्को पोखरी निर्माण गरिएको थियो। त्यस्तै पर्यटन बोर्डबाट प्राप्त रु पाँच लाख बजेट र स्थानीयवासीको श्रमदान गरी शौचायलय, लुगा फेर्ने ठाउँ, आराम गर्ने ठाउँ निर्माण गरिएको थियो। दुई वर्षअघि सो गाउँपालिकाले एक लाख ५० हजार बजेट र च्याम्बर र दुई वटा धारा निर्माण गरिएको थियो। गाउँपालिकाकै रु तीन लाख बजेटबाट रेलिङ र सिँढीसमेत निर्माण गरिएको स्थानीयको भनाइ छ। सो कुण्डमा चैत र कात्तिकमा नुहाउनेको भीड लाग्ने गर्दछ। यहाँ नुहाउँदा बाथ, छालारोग र हाडजोर्नी लगायतका रोग निको हुने जनविश्वास छ।

पर्यटकीय याममा विदेशी पर्यटकहरु तातोपानीमा नुहाउने गरेको स्थानीयको भनाइ छ। यहाँका स्थानीय पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले यहाँ तातोपानी कुण्डमा बनाइएको भौतिक संरचना जीर्ण हुँदै आएको र यतिबेला गाउँपालिकाले यसलाई व्यवस्थित गर्न लागेकाले तातोपानी कुण्ड क्षेत्रको संरक्षण हुने र पर्यटन क्षेत्रमा पनि टेवा पुग्ने बताउनुभयो। मर्स्याङ्दी नदी छेउमै रहेकाले बाढीले नबगाउने गरेर यसको संरचना बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

आयो टप्प टिप्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन, झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो।

हार्दिक श्रद्धाञ्जली



जन्म : २००१ मंसिर १२
स्वर्गारोहण : २०८० फागुन ६

स्व. राधादेवी मिश्र

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन कास्कीका अध्यक्ष श्री सन्तोष मिश्र ज्यूकी ममतामयी आमा राधादेवी मिश्रको यहि फागुन ६ गते असामयिक दु:खद निधन हुन गएकोमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै स्वर्गमा बास होस् भनी भगवान संग प्रार्थना गर्दछौं। साथै दु:खको यस घडीमा शोकाकुल परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन भन्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन,
परिवार
नयाबजार-९, पोखरा

# तनहुँमा जीप दुर्घटना : एकको मृत्यु, सात घाइते

पोखरापत्र संवाददाता
तनहुँ, ६ फागुन

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ नारीघाटमा गए राति भएको जीप दुर्घटनामा एकजनाको मृत्यु भएको छ भने सातजना घाइते भएका छन्। डुम्रेबाट आँबुखैरेनी जाँदै गरेको बा१६च ४९१८ नम्बरको बोलेरो जीप अनियन्त्रित भई सडकछेउमा पल्टिँदा जीपमा सवार चितवनको इच्छाकामना गाउँपालिका-६ का २२ वर्षीय सागर गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिनुभयो।

गुरुङको पुरानो मेडिकल कलेज चितवनमा उपचारका क्रममा मृत्यु भएको हो। दुर्घटनामा चितवनको इच्छाकामना-५ का २२ वर्षीय डम्बरबहादुर गुरुङ, सोही ठाउँका २४ वर्षीय कमल गुरुङ, ४६ वर्षीय रुद्रबहादुर चेपाङ, १८ वर्षीय जित गुरुङ, इच्छाकामना-६ बस्ने १९ वर्षीय रुपक गुरुङ, भरतपुर महानगरपालिका-२९ बस्ने टेष्टबहादुर गुरुङ र गोरखाको सहिद लखन गाउँपालिका-३ बस्ने ३० वर्षीय पूर्ण गुरुङ घाइते भएका छन्।

# नाकेतोला ढुंगाना कुल बिकास एवं संरक्षण समितिको अध्यक्षमा मनोहरि ढुंगाना

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

नाकेतोला ढुङ्गाना कुल बिकास एवं संरक्षण समितिको शनिबार सम्पन्न सातौ साधारण सभा तथा अधिबेशन बाट अध्यक्ष मा मनोहरी ढुङ्गाना चयन भएका छन्।

समितिको उपाध्यक्षमा बिष्णुहरी ढुङ्गाना, सचिबमा लेखनाथ ढुङ्गाना, सहसचिबमा तिर्थ प्रसाद ढुङ्गाना कोषाध्यक्षमा नरहरी ढुङ्गाना चयन भएका छन् भने सदस्यहरूमा केशब ढुङ्गाना माझठाना, कृष्णहरी ढुङ्गाना, अमृत ढुङ्गाना, महादेब ढुङ्गाना, सूर्य ढुङ्गाना गाछेपानि, एकराज ढुङ्गाना तल्लाबोट, रामचन्द्र ढुङ्गाना सिर्कुतान, शंकर ढुङ्गाना तल्लाबोट, हरीप्रसाद ढुङ्गाना, र लक्ष्मि ढुगाना रहेका छन्। कार्यक्रम को उद्घाटन गर्दै ढुङ्गाना प्रतिस्ठान गण्डकी प्रदेश अध्यक्ष डा दीर्घनाथ ढुङ्गानाले हरेक समुदायमा आ आफ्नो भुमिका र अपनत्व रहने गरि सबैले समाज बिकासमा आफ्नो बंश लाई अगाडि बढाउनु पर्ने रहेछ तेसैले सबै समुदायको अगाडि ढुङ्गानाहरूको भुमिका महत्व रहने गर्छ उनले बताए। कार्यक्रममा सचिब मनोहरि ढुङ्गानाले सचिको प्रतिबेदन तथा कोषाध्यक्ष केशबराज ढुङ्गानाले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा पूर्ब अध्यक्ष नबराज ढुङ्गाना, बिष्णु प्रसाद ढुङ्गाना, एकराज ढुङ्गाना, भोजराज ढुङ्गाना, बिष्णुहरी ढुङ्गाना लगाएतले कार्यक्रममा भनाई राखेका थिए। कार्यक्रम सचिब मनोहरी ढुङ्गानाले सन्चालन गरेको कार्यक्रम समितिका अध्यक्ष पोष्टराज ढुङ्गानाको अध्यक्षतामा सम्पन्न भएको थियो।

साधारण सभाले देश भरि रहेका नाकेतोला ढुङ्गाना दाजुभाई को कुल पुजा लाई मध्यनजर गर्दै फागुन ३० गते कुल पुजा सम्पन्न गर्ने निर्णय पनि गरेको छ। जस अनुरूप नाकेतोला समिति मुल समिति रहने गरि विभिन्न उप समितिपनि चयन गरेको जानकारि प्रचार प्रसार समिति संयोजक महेन्द्र ढुङ्गानाले बताए जसअनुसार अतिथि सत्कार उप समितिमा पोष्टराज ढुङ्गाना, अर्थ उपसमितिमा केशबराज ढुङ्गाना, भोजन उप समितिमा बिचित्र नाथ ढुङ्गाना, प्रचारप्रसार उपसमितिमा महेन्द्र ढुङ्गाना, पानि बत्ती समितिमा अमृत ढुङ्गाना, पूजा ब्यबस्थापन उप समितिमा शिबजि ढुङ्गाना, स्वागतद्वार निर्माण समितिमा प्रकाश ढुङ्गाना बलि ब्यबस्थापन उप समितिमा अमरज्योति ढुङ्गाना लगाएतलाई उप समिति संयोजक तोकिएको निर्बाचन समिति सदस्य बिष्णु प्रसाद ढुङ्गानाले बताए। देशभर छरिएर बसोबास गरेका नाकेतोला ढुङ्गाना बन्धु हरूको यहि पोखरा २६ मा नै कुल मन्दिर रहेकोर हरेक ५ बर्षमा यो पुजा गरिने जानकारि दिईयो देश भरिबाट नाकेतोला ढुङ्गाना धेरै नै रहेको तथा पोखरा २६ मा मात्र करिब दुई सय घर रहेका छन्।